# मुड्केचुला गाउँपालिकाको

# खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि - २०८०

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।०९।०८

प्रमाणिकरण मिति : २०८०।०९।१६

भागः०६ संख्याः५४ मितिः२०८०/०९/१६

<u>प्रमाणिकरण गर्ने</u>

(रेशम महतारा) प्रमुख प्रशासकीय अधिकृत

मुड्केचुला गाउँपालिकाको कार्यालय, डोल्पा

**प्रस्तावनाः**

खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुप्रमान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत, स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा मुड्केचुला गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरुलाई सहभागी गराउन एवं गाउँपालिका भित्र रहेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम मुड्केचुला गाउँपालिकाले खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० वनाएकोछ ।

## परिच्छेद -१

**प्रारम्भिक :-**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम" मुड्केचुला गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि-२०८० रहेको छ

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ । (३) यो कार्यविधि मुड्केचुला गाउँपालिकाको शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-
(क) "खेलकूद विकास समिति भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ ।
(ख) "अध्यक्ष" भन्नाले खेलकूद विकास समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) सदस्य मन्नाले खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(घ) सचिव भन्नाले खेलकूद विकास समितिको सचिव सम्झनु पर्छ ।

(उ) 'तोकिएको वा 'तोकिए बमोजिम भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) खेलकूद भन्नाले मुड्केचुला गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ ।

(उ) "खेलाडी भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।
(ज) "प्रशिक्षक" भन्नाले मुड्केचुला गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणको प्रशिक्षक सम्झनु पर्छ ।
(झ) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।
(ञ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झानुपर्दछ ।
(ट) 'गाउँपालिका" भन्नाते मुड्केचुला गाउँपालिका सम्झनु पर्छ ।

(ठ) 'कार्यपालिका" भन्नालेमुड्केचुला गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ड) "कार्यविधि" मुड्केचुला गाउँपालिकाको खेलकुद विकास समिति कार्यविधि (गठन तथा परिचालन) २०७८ लाई सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले मुड्केचुला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ण) उपाध्यक्ष" भन्नाले मुड्केचुला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(त) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुड्केचुला गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झानु पर्छ

(थ) "शाखा प्रमुख" भन्नाले मुड्केचुला गाउँ कार्यपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्छ ।

३ **खेलकुद विकास समितिका उद्देश्यहरु** :

## परिच्छेद-२

**उद्देश्य**

**३. खेलकुद विकास समितिका उद्देश्यहरु**

(क) गाउँको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकुद प्रशिक्षण सञ्चालन गर्ने ।

(ख) कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने ।

(ग) गाउँ क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बन्धित खेल प्रशिक्षण निकाय विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने

(घ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासिल, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्न ।

(ङ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख खेलकुद संघ संस्थालाई परिचालन गर्न।

(च) खेलकुदको माध्यमबाट गाउँवासीहरुलाई नागरिक भावना पति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ति भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(ञ) बौद्दिक श्रम गर्न विद्यार्थी, शिक्षक र बुद्दिजीविहरुलाई समेत शारीरिक व्यायामको माध्यमवाट स्वास्थ्य रहनको सहयोग पुर्याउने ।

(ट) मुड्केचुला गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(ठ) क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, बडा स्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्न ।

(ड) गाउँपालिका अन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

(ढ) खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ण) खेलप्रेमी संघ संस्था, क्लव र अन्य महानुभावबाट क्षेत्र विकासको लागि सहयोग जुटाउन एक खेलकुद विकास कोष खडा गर्ने ।

## परिच्छेद-३

## खेलकूद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार :-

४. **खेलकूद विकास समितिको गठन** (१) खेलकूदको विकास गर्नको लागि मुड्केचुला गाउँपालिकामा देहाय बमोजिमको १३ सदस्यीय "खेलकूद विकास समिति" को गठन हुनेछ-

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

(ख) विभिन्न विधाका खेलकूदप्रेमी मध्येबाट मनोनित १ जना सदस्य

(ग) प्रत्येक वडाबाट १।१ जना सदस्य गरि जम्मा ९ जना सदस्य ।

(घ) सदस्यहरु मध्येबाट एक जना सचिव र एक जना कोषाध्यक्ष रहनेछन
(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट १ जना सदस्य ।
(छ) शिक्षा शाखा प्रमुख-पदेन सदस्य

(ज) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्ला क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
(झ) खेलकुद विकास समिति मातहत प्रत्येक वडामा खेलकुद विकास समिति गठन गर्नु पर्नेछ ।
(ञ) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाँप अनुसूचि १ र वडास्तरीय खेलकुद विकास समितिको चिन्ह र छाँप अनुसूची-२ वमोजिम हुनेछ ।

**५. क्षेत्रकूद विकास समितिको काम, कर्तव्य र अधिकार :-**

**(१) खेलकूद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,**

(क) गाउँपालिका स्तरीय वार्षिक खेलकुद क्यालेण्डर र वजेट स्वीकृत गर्ने,
(ख) स्थानीय स्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सन्चालन तथा विकास गर्ने,
(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउँपालिका स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,
(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने/गराउने तथा खेलकूदको उपयोगिता सम्बन्धमा प्रचार प्रसार गर्न गराउने,
(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता तथा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका, नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लब, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,
(छ) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकूद सम्बन्धि क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,
(झ) खेलकूद सम्बन्धि स्तर बढाउने पुस्तक, प्रर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवं निर्मातालाई आर्थिक वा अन्य सहगोग प्रदान गरी प्रोत्साहित गर्ने,
(ञ) खेलकूदको विकासको लागि आवश्यकता अनुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,
(ट) खेलाडीहरूको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार तालिम हासिल गर्नकोलागि पठाउने,
(ठ) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,
(ड) खेलाडीको स्वास्थ्यको प्रबर्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,
(ङ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अशक्त हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,
(ण) विद्यालय स्तरमा खेलकूद गतिविधि संचालन गर्ने गराउने,

(त) प्रशिक्षकहरुको व्यवस्था गरी विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु सन्चालन गर्ने/गराउने ।
(थ) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,
(द) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने
(घ) कानुनत दर्ता भएको खेलकुदसंग सम्बन्धीत गाउँपालिका क्षेत्रभित्रका क्लव वा संस्थाहरुको अभिलेख राख्ने ।

६. **निर्देशक समिति :१** मुड्केचुला गाउँपालिकाको खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन तपशिल वमोजिमको एक निर्देशक समिति रहनेछ ।

(क) प्रमुख : गाउपालिका अध्यक्ष

(ख) सदस्य : गाउँपालिकाको उपाध्यक्ष

(ग) सदस्य : सामाजिक विकास समितिको संयोजक

(घ) सदस्य :प्रमुख प्रशासकीय अधिकृत

(ङ) सदस्य सचिव शिक्षा युवा तथा खेलकुद शाखा

: (२) निर्देशक समितिले खेलकुद विकास समिति वा अन्य खेलकुद सम्बन्धि संघ संस्था समितिहरुलाई खेलकुदको विकास सम्बन्धमा मार्ग निर्देशन गर्नेछ ।त्यस्तो निर्देशनको पालना गर्नु खेलकुद सम्बन्धि समिति संस्थाको कर्तब्य हुनेछ ।

**७. वडास्तरीय खेलकूद विकास समिति** (१) खेलकूदको विकास गर्नको लागि प्रत्येक बडामा देहाय बमोजिमको ७ सदस्यीय खेलकुद विकास समिति को गठन हुनेछ-

(क) वडा अध्यक्षले तोकेको व्यक्ति -संयोजक

(ख) वडाभित्रका विभिन्न विधाका खेलकूदका विज्ञहरु खेलाडी मध्येबाट वा वडा समितिवाट मनोनित एकजना महिला सहित २ जना सदस्य

(ग) वडा स्तरका खेलकूद सम्बन्धी संस्था वा क्लबहरुबाट सिफारिश भई आएकामध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा एक जना महिलासहित २ जना सदस्य ।

(घ) सामुदायिक र संस्थागत विद्यालयका खेलकुद शिक्षक मध्ये संयोजक मनोनित एक जना सदस्य ।

(ङ) वडा सचिब -सदस्य सचिव ।

## ८. वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार

१. वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडास्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने गराउने ।

(ख) वडा स्तरका खेलकूदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकासको लागि समितिलाई सल्लाह सुझाव दिने,

(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउँपालिका स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगितामा खेलाडीहरुलाई सहभागी गराउने,

(घ) खेलकुद विकास समितिलाई खेलकूद विकास सम्बन्धि विषयमा राय सल्लाह दिने,
(ङ) खेलकूद सम्बन्धी संस्थाई आर्थिक सहयोगको लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति समक्ष सिफारिश गर्न
(च) खेलकुद विकासका लागि अन्य आबश्यक ब्यबस्था गर्ने गराउने ।

(छ) कानुनत दर्ता भएका खेलकुदसंग सम्वन्धीत क्लव वा संस्थाहरुको अभिलेख राख्ने ।

## ९. अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।
(घ) खेलकुद प्रतियोगिताहरूको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।
(ग) अन्तर स्थानीय तह, जिल्ला, प्रदेश र राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।
(घ) खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँकार्यपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरू गर्ने ।
(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

## १०. सचिवको काम कर्तव्य र अधिकारः

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय कितावको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सुची र सामग्री जुटाउने ।
(ख) बैठक माइन्युटिङ उठाउने र बैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।
(ग) आर्थिक हिसाव किताव चुस्त दुरुस्त राख्ने ।
(घ) लेखा परिक्षण गराउने ।

## ११. सदस्यहरुको काम कर्तव्य र अधिकार :

(क) समितिको बैठकमा उपस्थित हुने र नीति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने ।

(ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल दर्ता, टिम, क्लब संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा,गोष्ठीमा खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

(प) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी बहन गर्ने ।

**१२. समितिका सदस्यहरुको पदावधि** (१) समितिका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमा निजहरूको पदावधि स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुन: यहि कार्यविधि वमोजिमको समितिहरु गठन हुनेछ ।

(२) पदावधि समाप्त नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ वमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यको राजीनामा स्विकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

**१३. सदस्यको अयोग्यता :-**

१. देहाएको कुनै ब्यक्ती सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

  क. मुड्केचुला गाउँपालिका क्षेत्र बाहिरका नागरिक

  ख. नैतिपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको।

  ग. मगज बिग्रेको ।

  घ. १८ बर्ष उमेर नपुगेको ।

**१४. सदस्यता समाप्त हुने अबस्था :-**

१. देहाएको अबस्थामा सदस्यको सदस्यता समाप्त भएको मानिनेछ :-

क. दफा १३ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

ख. सदस्यले राजिनामा गरेमा ।

ग. मृत्यु भएमा ।

घ. समितिलाई कारण सहितको सूचना नदिई गातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**१५. समितिको बैठक** (१) अध्यक्षबाट निर्देशन भए अनुसार सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको ब्यक्तीले गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ प्रतिसत सदस्यहरु उपस्थित भै गरेको निर्णय मान्य हुनेछ ।

(४) समितिको बैठक प्रत्येक ३।३ महिनामा बस्नेछ ।

(५) एक तिहाई सदस्यले मनिसब कारण देखाई बैठक बोलाईयोस भनि अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय लागु हुनेछ र मत बराबर भएकअबस्थामा अध्यक्षले निर्णायक मत दिनुपर्ने छ ।

(७) बैठकको निर्णय पुस्तिका सचिवले राखेछ ।

## परिच्छेद-४

**खेलकुद विकास कोषको व्यवस्थाः-**

१६. खेलकुद विकास कोषको व्यवस्था (१) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि मुड्केचुला गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(२) कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले खेलकुद शिर्षकमा विनियोजित गरेको रकम,

(घ) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने रकम,

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

(घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना रकम,

(२) यस कोषको संचालन खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ

(३) पालिकास्तरीय खेलकुद विकास समितिको अध्यक्षले बढीमा रु. २५,०००/- सम्म कोषवाट खर्च गर्न सक्नेछ । यसरी गरीएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फर्छ्योट गर्नुपर्नेछ ।

(४) वडा स्तरीय खेलकुद कार्यक्रमको लागि विनियोजित रकम वडास्तरीय खेलकुद विकास समितिको निर्णय र पालिकास्तरीय खेलकुद विकास समितिको सिफारिस वमोजिम बडा स्तरको खेलकुद विकास समितिको बैंक खातामा रकम जम्मा हुनेछ ।

**१७. समितिको खाता संचालन** (१) गाउँपालिका स्तरी खेलकुद विकास समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा संचालन हुने छ ।

(१) वडा स्तरको प्रस्ताव बमोजिम सञ्चालन भएका खेलकुद कार्यक्रम वा खेलकुदसँग सम्बन्धित खर्च विल भरपाई वमोजिम खेलकुद विकास समितिको खतामा जम्मा हुनेछ । खेलकुद विकास समितिले वडास्तरीय खेलकुद विकास समितिको खातामा वा सोझै नगद मुक्तानी गर्न सक्नेछ ।

**१८. खेलकुद सम्बन्धी समितिले हिसाबको श्रेस्ता राख्नुपर्ने** (१) खेलकूद सम्बन्धी आफ्नो आम्दानी खर्चको हिसाबको समितिले तोकिएको ढाँचामा राखु पर्नेछ ।

**१९. सदस्यहरुको भत्ता** (१) सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत कार्यपालिकाद्वारा तोकिए बमोजिम कार्यपालिका सदस्यहरुले पाउने बैठक भत्ता भन्दा बढी नहुने गरी बैठक भत्ता पाउनेछन् ।

**२०. कार्यक्रम तथा बजेट :-** खेलकूद विकास प्रवद्धर्नको लागि खेलकुद विकास समितिले वार्षिक कार्यक्रम तय गर्दा ९ वटै वडाहरुको वार्षिक कार्यक्रम तयगरी एकमुष्ठ गाउँपालिका स्तरीय वार्षिक बजेटमा कार्यक्रम तय गर्नु पर्नेछ। खेलकुद विकास समितिको वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गराई सो रकम खर्च गर्नुपर्नेछ ।

## परिच्छेद-५

**खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन:-**

**२१. खेलाडीहरुलाई स्वागत कार्य** (१) गाउँपालिकाले खेलकुद विकास समितिको सिफारिशमा राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सकिनेछ ।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

**२२. सभा सम्मेलन कार्यक्रम संचालन** (१) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्टी गर्ने वा गराउन सक्नेछ ।

(२) मुड्केचुला गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

**२३. खेलकुद प्रतियोगिता सञ्चालन** (१) टोल र बस्तीहरुको उत्कृष्ट खेलाडीहरु छनौट गरी वडा स्तरको खेलाडीमा छनौट गरिनेछ । वडास्तरको उत्कृष्ट खेलाडीहरुवाट गाउँपालिका स्तरको खेलाडीमा छनौट गरिनेछ ।

(२) खेलकुद विकास समितिले स्वयंम वा दर्ता भएका टिम्, क्लब वा संघ संस्था मार्पत अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता गर्ने सक्नेछ

(३) वडास्तरीय खेलकुद विकास सिमितिले गाउँपालिका भरिको बडाहरुलाई समेटी वडा स्तरीय खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्वन्धी खर्चको सिमा कोषको अवस्था अनुसार खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. खेलकुद प्रतियोगितामा सहभागीता :** (१) अन्तर स्थानीय तह, जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा गाउँपालिका क्षेत्रका उत्कृष्ट खेलाडी वा टीमको छनौट गरी सहभागी गराउन सकिनेछ ।

(२) सहभागिहरुको खर्चको मापदण्ड खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदपर (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि वडाबाट गाउँपालिका स्तरमा र गाउँपालिकाबाट अन्तर स्थानीय तह, प्रदेश वा राष्ट्रिय स्तरमा सहभागी भई नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको ५० प्रतिशत रकम खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

२५. खेलकुद तालिम तथा प्रशिक्षण सञ्चालन (१) खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर बृदी गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरु बारेका तालिम तथा प्रशिक्षण दिनेछ ।

(२) खेलकुद विकास समितिको सिफारिश अनुसार प्रशिक्षार्थिहरु गाउँपालिका बाहिर प्रतिशक्षणमा समावेश हुन पाउने छन ।

(३) गाउँपालिका क्षेत्रभित्र कुनै खेल प्रशिक्षण गर्नु परेमा खेल प्रशिक्षकका लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायका प्रशिक्षकलाई खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गारउने छ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकुद विकास समितिले गर्नेछ । प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खेलकुद विकास समितिवाट उपलब्ध हुनेछ । प्रशिक्षणको समय, अवधी, स्थान र प्रशिक्षार्थिहरुको शुल्क वा अन्य आम्दानी र खर्च सम्वन्धीको कार्यविधि खेलकुद विकास समितिले स्वीकृत भए बमोजिम हुनेछ ।

**२६. समितिले स्वीकृति लिनु पर्ने** (१) खेलकूद सम्बन्धी प्रतियोगितामा गाउँपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिकादेखि स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

**अनुशासनको कारबाही, दण्ड, सजाय र पुरस्कार :-**

**२७.** अनुशासनको कारबाही खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगाएत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी खेलकुद विकास समितिले निलम्वन गर्न सक्नेछ ।

**२८. नगद पुरस्कार तथा सम्मानः** उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्यापकलाई खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

## परिच्छेद-७

**२९. आचारसंहिता :-** (१) खेल सम्बन्धि देहाएका बमोजिमका आचरसंहिता पालना गर्नु पर्नेछ,

क. खेलका निर्णायक खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल संचालनको समयमा कुनै पनि प्रतिबन्दित लागुऔषध तथा मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख. प्रतिष्पर्धी टिमले तोकिए भन्दा बाहेक टिम बनाउन पाईने छैन ।

ग. प्रतिस्प्रधात्मक खेल संचालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिनुपर्नेछ ।

घ. नैतिकपतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई टिमबाट हटाईनेछ ।

ङ. खेलकुदको विजय पश्चात पाउने शिल्ड, टफी कहिकतै बेच्न धरौटी राख्न वा उपहार दिन पाईने छैन तर कुनै दर्तावाला क्लब विघठन हुन गई उक्त क्लबले

प्राप्त गरेको शिल्ड, टफी गाउँपालिकाको स्विकृतमा अर्को दर्तावाला क्लबलाई उपहार दिन भने बाधा छैन ।

च. कुनै खेलमा ब्यक्तीलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार ब्यक्तीको अधिनमा राख्न पाईने छैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ. खेलको निर्णय राख्दा तालिम प्राप्त आधिकारीक ब्यक्ती बाहेक अरुलाई राख्न पाईने छैन ।

ज. खेलाडीहरुले आपसमा प्रतिसप्रर्धा गर्दा ताली बजाउने हुटिङ गर्ने जस्ता कार्यहरु गर्न पाईनेछ तर विपक्षी टिमका ब्यक्तीहरु वा टिमलाई ईङगित गरि कार्टुन, चित्रकारिता ब्यक्तिगत वा संसथागत नामबाट अश्लिल शब्द वा अभद्र ब्यबहार गर्न पाईने छैन ।

झ. खेलको विकास गरि प्रचार प्रसार र प्रतिष्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्विकृत र ईजाजतबिना आफ्नो टिमको नाममा जबर्जस्ती गर्न पाईने छैन ।

ञ. पालिकाको स्विकृत वा ईजाजत लिई पठाइएको चन्दा संस्थाको आम्दानी खातामा आम्दानी बाधी सम्बन्धित समितिबाट पारित गराएर मात्र खर्च गर्न पाईनेछ ।

ट. यस अघि नै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्रढंगले खेल संचालन गर्न पाउने छन ।

**३०.** सौजन्यता दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाको सौजन्यतामा कुनै खेल संचालन गर्न गाउँपालिकाको पूर्ब स्विकृत लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्बजनिक गरि खेल संचालन गर्नुका साथै विबरण दुरुस्तै राख्नु पर्नेछ ।

**३१. खेलकुद विकास समितिको कार्यालय ब्यबस्थापन :-** गाउँपालिका स्तरिय खेलकुद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठा भाडामा लिन सकिनेछ ।

**३२. कर्मचारी ब्यबस्थापन :-** गाउँपालिका स्तरिय विकास समितिको कामलाई ब्यबस्थित बनाउनको लागि खेलकुद विकास समितिले सहायक स्तरको एक कर्मचारीको ब्यबस्थापन गर्न सक्नेछ ।

**३३. कार्यविधिको ब्याख्या :-** यो कार्यविधिको अन्तिम ब्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

**३४. कार्यविधि संसोधन :-** यो कर्यविधिको प्रावधानहरुमा कार्यपालिकाले आबश्यक संसोधन गर्न सक्नेछ ।

**३५. बाधा अडकाउ फुकाउ :-** मुडकेचुला गाउँपालिकाको खेलकुद संचालन तथा खेलकुद सम्बन्धि अन्य आबश्यक विषयमा निर्णय गर्न आबश्यक भएमा गाउँकार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## परिच्छेद-३
## परिच्छेद ३ को दफा ४ को उपदफा (५) सँग सम्बन्धित
## गाउँपालिका स्तरिय खेलकुद विकास समितिको चिन्ह र छाँप

१. गाउँपालिका स्तरिय खेलकुद विकास समितिको छाँप गोलाकार आकारको हुनेछ ।

२. माथिल्लो भागमा खेलकुद विकास समिति मुड्केचुला गा.पा. लेखिएको हुनेछ । सोको अगाडी र पछाडी पञ्चकोणको तारा हुनेछ ।

३. विच भागमा दुई वटा त्रिकोण जोडिएको षडकोणमा भलिबल खेलाडी र फुटबल धावकको चित्र अंकित चित्रको विचमा शिल्ड राखिएको र तल्लो भागमा स्थापना २०८० लेखिएको हुनेछ ।

## अनुसूची-२
## परिच्छेद-३
## परिच्छेद ३ को दफा ४ को उपदफा (५) सँग सम्बन्धित

## वडा स्तरिय खेलकुद विकास समितिको चिन्ह र छाँप

१. वडा स्तरिय खेलकुद विकास समितिको छाँप गोलाकार आकारको हुनेछ ।
२. माथिल्लो भागमा खेलकुद विकास समिति मुड्केचुला गा.पा. र डा नं लेखिएको हुनेछ । सोको अगाडी र पछाडी पञ्चकोणको तारा हुनेछ ।
३ विच भागमा दुई वटा त्रिकोण जोडिएको षडकोणमा भलिबल खेलाडी र फुटबल धावकको चित्र अंकित चित्रको विचमा शिल्ड राखिएको र तल्लो भागमा स्थापना २०८० लेखिएको हुनेछ ।

- वडा नं १ को खेलकुद समितिको छाँपमा वडा नं १ कालिका
- वडा नं २ को खेलकुद समितिको छाँपमा वडा नं २ कालिका
- वडा नं ३ को खेलकुद समितिको छाँपमा वडा नं ३ कालिका
- वडा नं ४ को खेलकुद समितिको छाँपमा वडा नं ४ ईल
- वडा नं ५ को खेलकुद समितिको छाँपमा वडा नं ५ सुर
- वडा नं ६ को खेलकुद समितिको छाँपमा वडा नं ६ नर्कु
- वडा नं ७ को खेलकुद समितिको छाँपमा वडा नं ७ सर्मी
- वडा नं ८ को खेलकुद समितिको छाँपमा वडा नं ८ ओक्ट
- वडा नं ९ को खेलकुद समितिको छाँपमा वडा नं ९ होर्त

**समाप्त**